# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड
# Madhya Bhotekoshi Jalavidyut Company Limited

वडा नं. ३, महाराजगञ्ज, काठमाण्डौं, नेपाल, फोन नं. ०१-४७२१६४१, ४७२१६४२ फ्याक्स नं. ०१-४७२१६४३,
इमेलः admin@mbjcl.com.np वेबसाइटः www.mbjcl.com.np

## आस्वा प्रणालीमा आवद्ध बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका शाखा कार्यालयहरुलाई मध्य भोटेकोशी जलविद्युत कम्पनी लि. को सिन्धुपाल्चोक जिल्लाको आयोजना प्रभावित क्षेत्र तथा उक्त प्रभावित क्षेत्र बाहेक सिन्धुपाल्चोक जिल्लाको अन्य क्षेत्रका बासिन्दाहरुको लागि सार्वजनिक निष्कासन हुने धितोपत्र सम्बन्धी अत्यन्त जरुरी सूचना

यस मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.को प्रति शेयर अंकित मूल्य रु.१००/- दरका १,५०,००,००० कित्ता शेयर मध्ये ६०,००,००० कित्ता शेयर **{१८,००,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्र अन्तर्गत सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका वडा नं. १ र ५ (साविक लिस्ती गा.वि.स. र साविक मार्मिङ गा.वि.स.), बाह्रबिसे नगरपालिका वडा नं. ५ र ६ (साविक गाती गा.वि.स.) र बाह्रबिसे नगरपालिका वडा नं. ७ र ८ (साविक घुम्थाङ्ग गा.वि.स. र साविक मानेश्वरा गा.वि.स.) तथा ४२,००,००० कित्ता शेयर उक्त प्रभावित क्षेत्र बाहेक सिन्धुपाल्चोक जिल्लाको अन्य क्षेत्रका बासिन्दाहरुको लागि}** को **यही मिति २०७८ बैशाख २१ गतेदेखि निष्कासन तथा बिक्री खुल्ला** शुरु गरिने भएकोले प्रभावित क्षेत्र बाहेक सिन्धुपाल्चोक जिल्लाको अन्य क्षेत्रका बासिन्दाहरुको लागि संकलन केन्द्रको अलावा आस्वा प्रणालीमा आवद्ध बैंक तथा वित्तीय संस्थाहरुबाट पनि आवेदन फारम बुझाउन सक्ने भएकोले देहायमा उल्लेख भए अनुसारका कागजातको आधारमा आयोजना प्रभावित क्षेत्र/सिन्धुपाल्चोक जिल्लाको बासिन्दा भए नभएको यकिन गरी आवेदन फारम साथ आयोजना प्रभावित क्षेत्रको बासिन्दा रहेका प्रमाण खुल्ने तपसील बमोजिमका कागजात अनिवार्य रुपमा लिने र सो मा कथंकदाचित अन्यथा भएमा आस्वा सदस्य स्वयम् जिम्मेवार रहने व्यहोरा यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

### तपसील

**(क) सिन्धुपाल्चोक जिल्लाबाट जारी भएको नागरिकता प्रमाणपत्र लिने आवेदकको हकमा:**

१. आयोजना प्रभावित क्षेत्रको बासिन्दा भएको प्रमाणित हुने नागरिकता प्रमाणपत्रको प्रतिलिपि (प्रतिलिपिमा स्वयमले दस्तखत गरेको हुनुपर्ने) ।

२. नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र तथा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

**(ख) अन्य जिल्लाबाट स्थानिय बासिन्दाको रुपमा आयोजना प्रभावित क्षेत्र/सिन्धुपाल्चोक जिल्लाको अन्य क्षेत्रमा बसोबास गर्ने आवेदकको हकमा:**

१. अन्य जिल्लाबाट सिन्धुपाल्चोक जिल्लामा विवाह सम्बन्ध कायम भै आउने महिलाको हकमा निजको नागरिकता प्रमाणपत्र र बिबाह दर्ता प्रमाणपत्रको प्रतिलिपि (बिबाह दर्ता प्रमाणपत्रमा निजको पति सिन्धुपाल्चोक जिल्लाको बासिन्दा रहेको व्यहोरा खुल्नुपर्ने वा निजको पतिले सिन्धुपाल्चोक जिल्लाबाट लिएको नागरिकता नम्बर उल्लेख भएको हुनुपर्ने) ।

२. अन्य जिल्लाबाट सिन्धुपाल्चोक जिल्लामा बसाई सराई गरी आउनेको हकमा आह्वानपत्र प्रकाशन (आह्वानपत्र प्रकाशन भएको मिति २०७८/०१/१३ गते) हुनुभन्दा अगावै बसाई सराई गरी आएको प्रमाण खुल्ने स्थानिय तहले लेखेको पत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र तथा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु तथा सिन्धुपाल्चोक जिल्लाको अन्य क्षेत्रमा बस्ने बासिन्दाहरुले हालसम्म पनि हितग्राही खाता नखोलेको भए आफूलाई पायक पनि कुनै पनि आस्वा सदस्यता प्राप्त बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुमा गई हितग्राही खाता खोल्नु हुन अनरोध छ । हितग्राही खाता खोलेमा शेयरको लागि आवेदन गर्न सहज हुने र भविष्यमा निष्काशन हुने अन्य कुनै पनि कम्पनीको शेयर आवेदन गर्न सकिने भएकोले यथासक्य छिटो हितग्राही खाता खोली आफूलाई शेयर आवेदन गर्न पाउने हकबाट वञ्चित नगर्नु हुन समेत अनुरोध छ ।

**हितग्राही खाता खोल्दा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाले उपलब्ध गराएको फारम रितपूर्वक भर्नु पर्ने र देहाय बमोजिमका कागजातहरु संलग्न गर्नुपर्ने हुन्छ :**

(१) नागरिकता प्रमाणपत्रको प्रतिलिपि (२) नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र तथा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (३) हालसालै खिचिएको फोटो एक (१) वटा (४) नाबालकको हकका नाबालकको पासपोर्ट साइजको फोटो एक (१) थान (५) बैंक खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्बर (६) कर कार्यालयबाट पान नं. लिएको भए पान नं. (७) घरमै बसेर शेयर विवरण हेर्ने प्रयोजनको लागि "मेरो शेयर" को रित पूर्वक भरिएको आवेदन (८) तोकिए बमोजिमको शुल्क ।

**हितग्राही खाता खोल्दाका फाइदाहरु :**

- साना लगानीकर्ताले पनि सहज रुपमा पूँजी बजारमा लगानीको अवसर पाउने ।
- आफ्नो बैंक खाता अद्यावधिक भइरहने ।
- भौतिक रुपमा रहेको शेयर अभौतिकिकरण गर्न सकिने र दोस्रो बजार मार्फत कारोवार गर्न सहज हुने ।
- स्थानिय बासिन्दा तथा अन्य सार्वजनिक निष्कासनमा आवेदन गरेको शेयर बाँडफाँटमा नपरे आफूले लगानी गरेको रकम सिधै आफ्नो बैंक खातामा जम्मा हुने ।
- आफूसँग भएको शेयरको विवरण घरैमा बसिबसि जुनसुकै बेला हेर्न सकिने ।
- स्थानिय बासिन्दाको हैसियतमा बाहेक अन्य सार्वजनिक निष्कासनहरुमा "**मेरो शेयर**" बाट घरबाट नै आवेदन गर्न सकिने ।
- प्राथमिक शेयर निष्कासनमा बाँडफाँट भएको शेयर स्वतः हितग्राही खातामा जम्मा हुने ।

**पुनश्च** :आस्वा सदस्यता प्राप्त बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका शाखा कार्यालयहरुबाट मध्य भोटेकोशी जलविद्युत कम्पनी लि. को आयोजना प्रभावित क्षेत्र तथा सिन्धुपाल्चोक जिल्लाको अन्य क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरुको आवेदन फारम र आवश्यक कागजात बुझि लिए पश्चात् ती सबै कागजातहरुको Scan गरी प्रत्येक दिन बेलुका पाँच (५) बजेभित्र अनिवार्य रुपमा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको ईमेल ठेगाना info@gicl.com.np र सो कार्यसँग सम्बन्धित यस कम्पनीका कर्मचारीहरुको ईमेल ठेगाना bijeta.shakya@gicl.com.np र sonam.sherpa@gicl.com.np वा सह-निष्कासन तथा बिक्री प्रवन्धकहरुको तल उल्लेखित इमेल ठेगानामा पठाउन हुन अनुरोध छ ।

**शेयर निष्कासन बन्द हुने मिति (छिटोमा) : २०७८ जेठ ०४ गते (बैकिङ्ग समय पश्चात्) ।**

**शेयर निष्कासन बन्द हुने मिति (ढिलोमा) : २०७८ जेठ २० गते (बैकिङ्ग समय पश्चात्) ।**

यस निष्कासन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०७८ बैशाख १३ गतेको "अन्नपूर्ण पोष्ट"** दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्कासन कम्पनीको वेवसाईट www.mbjcl.com.np अथवा निष्कासन तथा बिक्री प्रवन्धकको वेवसाइट www.globalimecapital.com अथवा सह-निष्कासन तथा बिक्री प्रवन्धकहरुको वेवसाइटमा हेर्नुहुन अनुरोध गर्दछौं ।

### भुलसुधार

मिति २०७८ बैशाख १३ गतेको "अन्नपूर्ण पोष्ट" दैनिकमा प्रकाशित यस मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको आव्हान पत्रमा दरखास्त दिनु पर्ने न्यूनतम ५० कित्ता शेयर हुनु पर्नेमा अन्यथा हुन गएकोले यसै सूचना मार्फत सच्याइएको छ ।

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:**

**Global IME Capital Limited**
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

**ग्लोबल आइएमई क्यापीटल लि.**
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं
फोनः ४५४५६४९/५०, फ्याक्स:४५४५७०२
इमेलः info@globalimecapital.com, वेवसाइटः www.globalimecapital.com

**सह-निष्कासन तथा बिक्री प्रवन्धकहरू :**

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
**एनआईबिएल एस क्यापिटल लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४४२५२८०
Email: info@niblcapital.com, Website: www.niblcapital.com

PRABHU CAPITAL
**प्रभु क्यापिटल लिमिटेड**
कमलादी, काठमाण्डौं, नेपाल, फोनः ४२२२९३९, ४२२२९४६
Email: info@prabhucapital.com, Web: www. prabhucapital.com

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(Wholly Owned Subsidiary of Laxmi Bank Limited)
**लक्ष्मी क्यापिटल मार्केट लिमिटेड**
नयाँ बानेश्वर, काठमाडौं, नेपाल, फोनः ४७८०२२२, ४७८१५८२
Email : info@laxmicapital.com.np, Web: www.laxmicapital.com.np

Estd. 2008
Civil Capital Market Ltd.
**सिभिल क्यापिटल मार्केट लिमिटेड**
सुन्धारा, काठमाडौं, नेपाल, फोनः ४२६२३०३, ४२६१२५१
Email: ccm@civilcapital.com.np, Web:www.civilcapitalmarket.com

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
**सानिमा क्यापिटल लिमिटेड**
पुतलीसडक, काठमाडौं, नेपाल, फोनः ४२२९१२४/०१-४२२९१२५
Email: sanimacapital@sanimabank.com, Website: www.sanima.capital

CBIL Capital Ltd.
सि बि आई एल क्यापिटल लि.
Spreading Prosperity, Enriching Lives.
**सि बि आइ एल क्यापिटल लिमिटेड**
डिल्लीबजार, काठमाडौं, नेपाल, फोनः ४४१७७२३/४४१७४५७
Email: info@cbilcapital.com, Website: www.cbilcapital.com

२०७८ बैशाख १७ गतेको कारोबार दैनिकमा प्रकाशित।